का.जि.प्र.का.द.नं. १००/०५९/६०
२० फागुन २०८०,
आइतबार
3 March 2024,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक १९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



## गणेश तिमिल्सिना
# औपचारिकतामा सीमित

संघीय संसदको माथिल्लो हाउसको ६ वर्ष नेतृत्व गरेका गणेश तिमिल्सिनाले निर्धारित समयलाई ख्याल गरेर बैठक चलाउनेसहित केही सकारात्मक कामको शुरुवात गरे । तर विज्ञता भएकाहरू सामेल हुने सभाको अनुभूति दिलाउने र मर्यादा राख्न सकेनन् । बरु उल्टै आफू निर्वाचित भएको पार्टीबाट सधैं प्रभावित देखिए ।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, १९ फागुन ।

आज (आइतबार) राष्ट्रियसभाका २० सांसद बिदा हुँदैछन् । बिदा हुनेमा राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना पनि छन् ।

आफ्नो कार्यकाल सकिएर बिदा हुनु अगाडि अध्यक्ष तिमिल्सिना गत शुक्रबार बसेको राष्ट्रियसभा बैठकमै आफ्ना केही अनुभूति सुनाए । 'एकदमै प्रतिकुल अवस्थामा पनि तपाईंहरुले साथ दिनुभयो । र म सफल भएँ', उनले भनेका छन् ।

आफू सफल भएको दावी गर्दै उनले थपेका छन्, 'मलाई एउटा चुनौती थियो । राजनीतिक पार्टीको एउटा खरो कार्यकर्ता निर्वाचित भएर यो ठाउँमा आउँदा यो कुर्सीको गरिमा निष्पक्ष अझ तटस्थ भएर भूमिका निर्वाह गर्न सक्छु कि सक्दिनँ, कतै सकिनँ भने पृष्ठ २ मा

## भिजिट तथा पर्यटक भिसामा विदेश यात्रा गर्दा आवश्यक पर्ने कागजातहरु

- अनुमति प्राप्त मुलुकहरुमा पर्यटकको रुपमा जाँदा भिजिट तथा पर्यटक भिसामा देहायका कागजात आवश्यक पर्दछ:
- कम्तीमा ६ महिनाको वैध अवधि भएको राहदानी,
- सम्बन्धित देशको प्रवेशाज्ञा (Visa),
- दुईतर्फी हवाई टिकट,
- भ्रमण अवधिभरको होटल बुकिङ वा आफन्तसँग बस्ने भए एकाघरका तीन पुस्ताभित्रको नाता खुल्ने प्रमाण,
- भ्रमण खर्च व्यहोर्ने संस्थाको निमन्त्रणा पत्र वा कम्तीमा ५०० अमेरिकी डलर बराबरको नगद सटहीको प्रमाण,

नेपाल सरकार
विज्ञापन बोर्ड

# कानून बन्यो, भएन वर्गीकरण

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, १९ फागुन ।

जनमत पार्टीले २०७९ सालको स्थानीय चुनाव अगाडि किसानको पक्षमा मधेश प्रदेशमा आन्दोलन नै गरेको थियो । किसान पेन्सन लगायतका माग राखेर भएको उक्त आन्दोलन स्थानीय, प्रदेश र संघको चुनावपछि मथ्थर छ । नेपालमा रहेका सबैजसो पार्टी किसानको पक्षमा बोलिरहेका हुन्छन् । तर, व्यवहार जनमत पार्टीकै व्यवहारसँग मिल्दोजुल्दो छ ।

किसानहरु भने राजनीतिक दल सरकारसँग रुष्ट छन् । समयमा मल बिऊ नपाएको गुनासो प्रत्येक वर्ष दोहोरिन्छ । पछिल्लो समय दुग्ध किसान, उखु किसान सडकमा आइरहेका छन् । यदाकदा राजनीतिक दलहरु पनि किसानको यी मुद्दा उठाउँछन् । तर, किसानको वर्गीकरण गरेर सहुलियत दिने कानून बनेर अलपत्र परेकोमा कसैको चासो छैन ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थासहितको संविधानपछि किसानको उत्थान गर्ने भन्दै तत्कालीन संसदले किसानको वर्गीकरण गर्ने गरी संघीय कानून 'खाद्य सम्प्रभुता ऐन २०७५' बनाएको थियो ।

२ असोज २०७५ मा राजपत्रमा प्रकाशित भएर लागू भएको यो कानूनको एउटा मुख्य विषय हो किसानको वर्गीकरण । वर्गीकरण अनुसार विभिन्न प्रकारका सेवा सुविधा र सहुलियत दिने घोषणा त्यसयताका प्रत्येक सरकारले पृष्ठ २ मा



पछिल्लो समय दुग्ध किसान, उखु किसान सडकमा आइरहेका छन् । यदाकदा राजनीतिक दलहरु पनि किसानको मुद्दा उठाउँछन् । तर किसानको वर्गीकरण गरेर सहुलियत दिने कानून बनेर अलपत्र परेकोमा कसैको चासो छैन ।

# शालिनको रहस्यमय मृत्यु

**शिव विक/मध्यान्ह**
काठमाडौं, १९ फागुन ।

हप्ता दिनअघि चितवनको रत्ननगर नगरपालिकास्थित एक निजी स्कुलको छात्रावासमा मृत फेला परेकी शालिन पोखरेलको मृत्यु प्रकरण थप रहस्यमय बनेको छ । उनी चितवनको रत्ननगर नगरपालिका वडा नं. १० स्थित एकता शिशु निकेतन बोर्डिङ स्कुलको छात्रावासमा फागुन १२ गते मृत फेला परेकी थिइन् । उनी छात्रावासको कोठामा रहेको पंखामा डोरीको पासो लगाइ झुन्डिएको अवस्थामा भेटिएकी थिइन् ।



घटनाको हप्ता दिन बितिसक्दा पनि प्रहरी उनको मृत्युबारे कुनै निष्कर्षमा पुग्न सकेको छैन । चितवन जिल्ला प्रहरीले घटना थाहा हुने बित्तिकै तत्काल सिनियर प्रहरी अधिकृतको कमाण्डमा घटनास्थल विशेषज्ञ सहितको अनुसन्धान टोली घटनास्थलमा खटी गई घटनास्थल र मृतक शवको सूक्ष्म अवलोकन गरी प्रारम्भिक चरणका अनुसन्धानका कार्यहरू सम्पन्न गरिएको र अहिले त्यसबारे थप गम्भीर अनुसन्धान गरिरहेको बताएको छ ।

कककलामो समय बितिसक्दा पनि प्रहरी शालिनको मृत्युको कारण नजिक पुग्न नसक्दा बिस्तारै टिकाटिप्पणी हुन थालेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद हरि ढकालले प्रहरीको अनुसन्धानमा भइरहेको ढिलाइबारे प्रश्न उठाएका छन् । 'एकता शिशु निकेतन स्कुल, रत्ननगर-१० चितवनको होस्टेलमा मृत भेटिएकी १३ बर्षिया बालिका शालीन पोखरेलको मृत्युको बिषयमा हप्ता दिन बित्दा समेत अझै सत्यतथ्य पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

## यूएईमा रोजगार मेला सम्पन्न
# मर्यादित र स्वच्छ प्रक्रियामा मन्त्री भण्डारीको जोड
# द्विपक्षीय श्रम सम्झौता भए घरेलु कामदार पनि पठाइने

**मदनकुमार श्रेष्ठ, रेशम पौडेल/मध्यान्ह**
दुबई, यूएई, १९ फागुन

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले मर्यादित र स्वच्छ प्रक्रियाको पुन: परिभाषित गरेर वैदेशिक रोजगारलाई सम्मानित बनाउनुपर्नेमा जोड दिएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगार बोर्डको सहकार्यमा यूएईमा आयोजना गरेको रोजगार मेला 'जव फेयर २०२४'को उद्घाटन गर्दै मन्त्री भण्डारीले उक्त भनाइ राखेका हुन् ।



मन्त्री भण्डारीले यूएईले हासिल गरेको विश्वस्तरको उपलब्धिमा नेपाली कामदारको उच्च योगदान रहेको भन्दै नेपाली कामदारको सम्मान र सुविधा वृद्धि गरिनुपर्ने बताए । विज्ञान र प्रविधिको प्रयोगले अवसर र चुनौती दुवै सिर्जना गरेकाले चुनौतीको सामना गर्न बजारको मागअनुसार श्रमिकको सीप क्षमताको विकासमा नेपालले लगानी गर्न चाहेको बताए ।

उनले भने, 'हामी कामदारको अधिकार, सुरक्षा र सम्मानको पृष्ठ २ मा

## जव फेयर छोडेर डेजर्ट सफारी !

**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघद्वारा यूएईमा आयोजित जव फेयरमा वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा द्वारिका उप्रेतीको व्यापक खोजी भयो ।

जव फेयरको उद्घाटन शत्रमा वैदेशिक रोजगार बोर्डको काम, कर्तव्य र अधिकारबारे प्रष्ट्याएका कार्यकारी निर्देशक उप्रेती श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीद्वारा वैदेशिक रोजगार व्यवसायीका स्टल अवलोकन गर्ने समयमा देखा नपरेपछि सचिव केवल प्रसाद भण्डारीलगायतले सोधखोज गरे । तर कार्यक्रमस्थलमा नदेखिएपछि कतिपयले उनी डेजर्ट सफारीमा गइसकेको बताए ।

यसअघि मलेसियाको निजी क्षेत्रसँग गरेको सम्झौताका कारण उप्रेती विवादमा आएका थिए । ओमानमा आयेजित गैर आवाशीय नेपाली संघको मध्यपूर्व क्षेत्रीय सम्मेलनका बेला साँझको एक कार्यक्रममा सहभागी नभइ डा. उप्रेती रात्रीकालिन मनोरन्जनमा ब्यस्त थिए । कतिपयले जव फेयरमा पनि बोर्डको भूमिका आवश्यक प्रभावकारी नभएको टिप्पणी गरेका छन् ।




## Urgently Required

A reputed Recruiting Agency is seeking following position.

1. Marketing Officer : 2 (M/F)
2. Documentation Officer : 2 (M/F)
3. Receptionist : 2 (F)
4. Public Relation Officer : 2 (M/F)

Req. : +2 Passed, Computer, Internet & Basic English is mandatory.
Salary: Rs.17,000 to 35,000
Send CV to : cvtimesmanpower944@gmail.com
We will email you for the final interview date.

TMS Times Management System Pvt. Ltd.
Bansbari, Kathmandu-3, Nepal
Tel: 01-5906211, 9802354881
Govt. Lic. No.: 944/067/68

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GULFTAINER COMPANY LIMITED  शहर:SHARJAH
पूर्व स्वीकृत मिति: २०८०/११/१७  चलानी नं.: ६०२१५७२३  LT. No.: 300812

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक | तलब | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रू. | | | | | | | |
| 1. | Heavy Driver | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ६८,४७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २७ गते (10 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

VMS
श्रम इजाजत नं. ५२६/०६७/०६८
VASTU MANAGEMENT SERVICE PVT.LTD.
Balkumari, Lalitpur, Nepal, Tel. : 01-5200902/5200306, Mob.: 9828223556, 9808772723.
E-mail : info@vmsnepal.com, vmsnepal@gmail.com

# सहकारी लेखा तथा व्यवस्थापनसम्बन्धी अभिमुखीकरण

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १९ फागुन



सहकारी लेखा तथा व्यवस्थापनसम्बन्धी अभिमुखीकरण गोष्ठी तथा प्रशिक्षण कार्यक्रम चन्द्रनिगाहपुरमा शनिबार सम्पन्न भएको छ। रौतहट बचत तथा ऋण सहकारी संघ लिमिटेडले सहकारी संघ, संस्थाका कानून करको व्यवस्था र आर्थिक वर्ष ०८०/८१ को संशोधनबारे जानकारी दिने उद्देश्यले अभिमुखीकरण कार्यक्रम गरेको हो।

संघको निर्णयानुसार अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको संघका महासचिव देव बहादुर सापकोटाले बताए। उनले तालिममा सिकेका कुरालाई व्यवहारमा ल्याउन सहभागीहरुलाई सुझाव दिए। सोक्रममा सहभागीहरुले पनि कार्यक्रममा सिकेका कुरालाई व्यवहारमा ल्याउने प्रतिबद्धता जनाए।

कार्यक्रममा करदाता सेवा केन्द्र चन्द्रनिगाहपुरका प्रमुख पिताम्बर न्यौपानेले सर्वसाधरणले सहकारीको शेयर खरिद गर्ने र सहकारीमा रकम बचत गर्ने भएकाले सुशासन र पारदर्शिता हुनुपर्ने बताए। यदि सहकारीको विधि, नियम र नीतिको उल्लंघन भएमा समस्या आउन सक्ने भन्दै उनले सहकारीकर्मीलाई सचेत समेत गराए।

सहकारीका सञ्चालक समितिका पदधिकारीले सहकारी ऐन बुझ्न जरुरी रहेको उनले औंल्याए। सहकारी संस्था नीति, नियम र विधानमा रहने भएकाले यसको पालना गरेकाहरुमा समस्या नआउने उनको तर्क थियो।

रौतहट बचत तथा ऋण सहकारी संघका अध्यक्ष विभु पोखरेलको अध्यक्षतामा कार्यक्रम समापन भएको हो। उनले यहाँका सहकारीले गरेको कार्यको चर्चा गर्दै विधि, विधान र नियममा सहकारी चल्नुपर्ने बताए।

## गणेश...

पदीय गरिमामा आँच आउनेछ। व्यक्ति केही पनि होइन, तर त्यो पदीय गरिमा बचाउनु सबैभन्दा महत्वपूर्ण हो भन्ने मलाई चुनौती थियो। तपाईहरुको साथ सहयोगले सफल भएँ।' २०७४ फागुन ३० गते तिमल्सिना राष्ट्रियसभा अध्यक्षमा निर्विरोध निर्वाचित भएका थिए। २०७५ असारमा कार्यकालका बाँडफाँटमा चिठ्ठामा उनलाई ६ बर्षे कार्याकाल परेको थियो। यसबीचमा अध्यक्ष तिमिल्सिनाले १५ वटा अधिवेशनको नेतृत्व गरे।

प्रतिनिधि सभाबाट पारित भएर राष्ट्रिय सभामा गएको विधेयकका सन्दर्भमा राष्ट्रियसभाले 'चेक एण्ड ब्यालेन्स'को रुपमा कुनै पनि विधेयकमा अडान लिन सकेन। राष्ट्रिय सभाबाट पारित भएर गएको प्रशासकीय अदालत सम्बन्धी लगायत विधेयकहरु जसलाई प्रतिनिधि सभाले पुरापुर संशोधन गर्दा राष्ट्रियसभा मौन रह्यो। विवादित राजनीतिक घटनाहरुमा समेत तिमिल्सिना जोगिन सकेनन्। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दुई पटकसम्म गरेको प्रतिनिधिसभा विघटनको समयमा विघटनकै पक्षमा सार्वजनिक अभिव्यक्ति दिदै हिडे। जबकी उक्त कदम सर्वोच्च अदालतबाट बदर भयो। प्रतिनिधिसभा विघटन गरेर अध्यादेश मार्फत् विभिन्न संवैधानिक निकायमा अध्यादेश ल्याएर ५२ जनाको नियुक्ति हुँदा उनी साक्षी बसे। संवैधानिक परिषदका ६ सदस्य मध्ये तीन जनाकै उपस्थितिमा बैठक र निर्णय हुन सक्ने गरी आएको अध्यादेशको समर्थन गरे। बिना संसदीय सुनुवाई संवैधानिक निकायमा नियुक्ति दिलाउने पक्षमा साक्षी मात्रै बसेनन्, भागवण्डामा समेत सरिक भए।

## शालिनको ...

बाहिर आएको छैन,' उक्त क्षेत्रका सांसद समेत रहेका उनले लेखेका छन्, 'यो गम्भीर बिषयमा सम्बन्धित निकायले निष्पक्ष ढंगले अनुसन्धान गरी छिटोभन्दा छिटो सत्य, तथ्य बाहिर ल्याउन जोडदार माग गर्दछु।' प्रहरीले भने अनुसन्धान भइरहेको संवेदनशील विषयमा अनावश्यक टिकाटिप्पणी नगर्न आग्रह गरेको छ। 'बालबालिकाको मृत्यु जस्तो संवेदनशील विषयलाई अत्यन्त गम्भीर्यताका साथ लिई प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम नेपाल प्रहरीले आफ्नो पेसागत मूल्य मान्यता, दक्षता र विवेक प्रयोग गरी अनुसन्धान भई रहेको र वैज्ञानिक प्रयोग तथा प्राविधिक विश्लेषण समेतको आधारमा तथ्य परक बस्तुनिष्ठ अनुसन्धान गरिने कुरामा पीडित परिवार र सम्पूर्णमा विश्वास समेत दिलाउँदछौं,' चितवन प्रहरीले शनिबार जारी गरेको विज्ञप्तिमा भनिएको छ। चितवनको एकता शिशु निकेतन स्कुलको होस्टेलमा मृत अवस्थामा फेला परेकी १४ वर्षीय बालिका शालीन पोखरेलको मृत्युले मलाई गम्भीर र दुखी तुल्याएको छ,' प्रधानमन्त्रीको भनाइ छ, 'घटनाको गहन छानविन गरी सत्यतथ्य पत्ता लगाउन मैले यसअघि नै गृह मन्त्रालयलाई निर्देशित गरिसकेको छु। घटनाको यथार्थ छानविन गरी पोखरेल परिवारलाई न्याय दिलाउन सरकार दृढ र प्रतिवद्ध छ।'

## कानून...

बजेटमा गर्दै आएका छन्। तर, कानून अनुसार किसानको वर्गीकरण भने हुन सकेको छैन। खाद्य सम्प्रभुता ऐन २०७५ मा किसानको वर्गीकरण गर्ने भनिएको छ। ऐनको दफा १४ मा किसानको पहिचान र सम्मान सम्बन्धी व्यवस्था छ। 'नेपाल सरकारले किसानको तोकिए बमोजिम पहिचान गरी वर्गीकरण गर्नेछ' दफा १४ (१) मा लेखिएको छ। वर्गीकरणको आधारमा परिचयपत्र जारी गर्ने भनिएको छ। 'वर्गीकरणको आधारमा किसानलाई राज्यबाट प्राप्त हुने सहुलियत, छुट, सुविधा तथा प्रचलित कानून बमोजिम योगदानमा आधारित निवृत्तिभरण उपलब्ध गराइनेछ' दफा १४ (३) मा भनिएको छ। यो ऐनले पाँच वर्ष अगाडि गरेको व्यवस्था कार्यान्वयन नहुँदा किसानहरुले प्राप्त गर्न सक्ने सुविधा वा सहुलियत पाउन सकिरहेका छैनन्।

## यूएईमा...

विषयमा पारदर्शी क्लिन एण्ड क्लियर होस् भन्ने चाहन्छौं।' मन्त्री भण्डारीले सुरक्षाको वातावरण र द्विपक्षीय सम्झौता भए हाल पुरुष कामदार पठाइएको घरेलु काममा महिला पनि पठाउन नेपाल तयार रहेको प्रष्ट पारे।

रोजगार मेलामा मन्त्रालयका सचिव केवल प्रसाद भण्डारी, वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक द्वारिका उप्रेती, यूएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्री, यूएईका श्रम डिभिजन प्रमुख अहमेद अल यासी, इन्टरनेशनल रिलेसन स्पेसियालिष्ट अब्दुल लाजिज अल शामसीले नेपाली कामदारको सीप, उनीहरुले निर्वाह गर्ने जिम्मेवारीको भूमिकाका बारेमा आ-आफ्ना धारणा राखे। संघका अध्यक्ष राजेन्द्र भण्डारीले रोजगारदाताहरुसँग नेपाली म्यानपावर व्यवसायीहरुको प्रत्यक्ष सम्बन्ध स्थापित गर्न जब फेयर आयोजना गरिएको बताए। कार्यक्रममा संघका कार्यसमिति सदस्य नारायण भुषालले पावर प्वाइन्ट प्रिजेन्टेशनमार्फत नेपालको समग्र श्रम जनशक्तिको विषयमा जानकारी गराए।

रोजगार मेलामा ६४ म्यानपावर कम्पनी र कर्मचारीसहित १ सय १० जनाभन्दा बढीको सहभागिता रहेको थियो। जब फेयरका संयोजक, संघका प्रथम उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय कोअर्डिनेटर डिक बहादुर खत्रीले जब फेयरमा नेपालका नयाँ तथा पुराना व्यवसायी उत्तिकै उत्साहका साथ सहभागी भएको बताए। मन्त्री भण्डारीले जब फेयरमा रहेका सम्पूर्ण स्टल अवलोकन गरी उत्साहित भइ काम गर्न र नयाँ अवसरको खोजी गर्न आग्रह गरे।

अग्रज व्यवसायी दि रिभर ओभरसिज प्रा.लि.का सञ्चालक रघुनाथ पुरीले नेपालीका लागि धेरै क्षेत्रमा रोजगारीको सम्भावना भएपनि बिचौलियाहरुका कारण समस्या रहेको अवस्थामा त्यसको निराकरणका लागि जब फेयरले सहयोग गर्ने बताउँदै नेपालबाट एक-एक वर्षको अन्तरालमा जब फेयर गर्नु उचित हुने बताए।

कञ्चन ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक किरणकिशोर घिमिरेले दीर्घकालीनरुपमा नेपाली कामदारको हित हुने भएकाले जब फेयरको महत्व रहेको बताए।

जब फेयरमा यूएईस्थित रोजगारदाताहरु, सबै स्टेटका चेम्बरहरु, इन्डियन इन्भेष्टमेन्ट ग्रुप, बिजनेस कम्युनिटी, एचआर एशोसिएसन र आधिकारिक नेपाली चेम्बरहरुसहित स्थानीय रोजगारदाताहरुलाई अवलोकनका लागि आमन्त्रण गरिएको थियो। तर राजदूत क्षेत्रीले समय चापले अपेक्षित तयारी पूरा हुन नसकेका कारण अपेक्षित संख्यामा रोजगारदाता सहभागी नभएको बताए।

संघका अध्यक्ष राजेन्द्र भण्डारीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो। नेपालले १७ वर्षअघि २००७ को जुन ६ तारिकमा यूएईमै जब फेयर आयोजना गरेको थियो। नेपाली दूतावास यूएईमा कार्यरत काउन्सिलर श्रम दीनबन्धु सुवेदीले यूएईको रोजगारीमा प्रविधिको प्रयोगका कारण धेरै परिवर्तन भएकाले जब फेयर छोटो समयमा हुनुपर्ने बताए।

उनले नेपालले १७ वर्षको अन्तरालमा जब फेयर गरेपनि फिलिपिन्सजस्ता कामदार पठाउने मुलुकले छिटोछिटो जब फेयर गरेर रोजगारदाताहरुलाई आफ्नो देशमा रहेका जनशक्तिको बारेमा जानकारी गराउने गरेका कारण उक्त मुलुकले लाभ उठाएको बताए। नेपालबाट पररम्परागत निर्माण कामदार, सुरक्षागार्ड, सर्भिस तथा हस्पिटालिटी क्षेत्रमा गरी ५ लाख बढीले काम गरिरहेको पनि काउन्सिलर श्रम सुवेदीले जानकारी दिए। यूएई नेपाली कामदारको प्रमुख श्रम गन्तव्य मुलुकका रुपमा रहेको छ। यूएई र नेपाल सरकारबीच यसअघि भएको सम्झौताअनुसार नेपाली कामदारको खर्च रोजगारदाताले नै व्यहोर्नुपर्ने व्यवस्था छ। सम्झौतामा कामदारले कुनै पनि शुल्क भुक्तानी गर्नु नपर्ने भनिएपनि रोजगारदाताको कमीकमजोरीका कारण कतिपय अवस्थामा कामदार शुल्क तिरेर जाने गरेका छन्।

जब फेयरमा यूएईमा कामदार पठाउने म्यानपावर कम्पनीसहित मलेसिया र युरोपेली मुलुकमा शून्य लागतमा कामदार पठाउने वैदेशिक रोजगार व्यवसायीहरुले पनि स्टल बुकिङ गरेका थिए। आयोजक संघको बारम्बार आग्रहका बाबजुत स्टल बुकिङ नगरेका केही व्यवसायीले भने बाहिर-बाहिर कार्ड बाँड्ने र खानाका लागि प्लेट थाप्न अरु भन्दा अगाडी सर्ने गरेको पनि देखिएको थियो।

# प्रज्ञा गजल महोत्सव सम्पन्न




**काठमाडौं/मस–** नेपाल प्रज्ञा प्रतिष्ठानले 'प्रज्ञा गजल महोत्सव-२०८०' सम्पन्न गरेको छ। प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले पानसमा बत्ती बालेर प्रज्ञा गजल महोत्सव-२०८० को उद्घाटन गरेका थिए।

सो अवसरमा कुलपति राईले कवि र गजलकारले आफ्नैविरुद्ध उभिएर पनि सिर्जना गर्ने गरेको तथा कवि र गजलकार प्रायः भ्रष्ट हुँदैन भन्ने धारणा राख्दै महोत्सवमा सहभागी गजलकारलाई प्रमाणपत्र प्रदान गरेका थिए। प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव डा. धनप्रसाद सुवेदीले गजल महोत्सवलाई आगामी दिनमा अझ व्यापक र प्रभावकारी बनाउने उल्लेख गरे।

प्रज्ञा प्रतिष्ठान प्राज्ञ परिषद् सदस्य तथा काव्य विभाग प्रमुख बाबा बस्नेतले गजलले साहित्यिक विधामा बृहत् रूप धारण गरिसकेको बताए। यस विधाको खोजअनुसन्धान हुनुपर्नेमा उनले जोड दिए। समालोचक प्रभाती किरणले 'वर्तमान नेपाली गजल' शीर्षकको कार्यपत्र प्रस्तुत गरेका थिए भने टिप्पणी गजलकार करुण थापाले गरेका थिए।

प्रज्ञा गजल महोत्सवमा शान्ति शर्मा, रूपक वनवासी, गणेशबाबु अधिकारी, दिलकुमारी मगर, विद्यानिर्दोष पहाडी, सागर रिमाल, ललिजन रावल, रवि प्राञ्जल, प्रा डा सनतकुमार वस्ती, डा. देवी पन्थी, रामबहादुर पहाडी, माधव खतिवडा, ज्ञानु विद्रोही, राधा कँडेल, विपिन मर्म, अर्पणा आपागाई, सुशीला श्रेष्ठ, सिद्धनारायण आचार्य, मुक्त उदास, अन्जान यात्री, आँचलकुमार शर्मा र सुशीला शर्माले नेपाली भाषामा गजल वाचन गरेका थिए। यसैगरी लिम्बू भाषामा स्वप्निल स्मृति, मैथिलीमा धीरेन्द्र प्रेमर्षि, तामाङमा ईश्वर थोकर, नेपालभाषामा रामगोपाल आशुतोष, अछामीमा सागर रिमाल, उर्दुमा इम्तियाज बफालगायतले गजल वाचन गरेका थिए। कार्यक्रमको सहजीकरण गजलकार बाबु त्रिपाठीले गरेका थिए।


**भुलसुधार**

मिति २०८०/११/१९ गते यस दैनिकमा प्रकाशित, कतारमा रोजगार शिर्षक कम्पनीको नाम : Ezdan Real Estate Co., पूर्व स्वीकृत मिति: २०८०/११/१८, चलानी नं.: **६०२१५७८७**, र LT. No.: 300903 को विज्ञापनमा तलब एकाइ QR हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

**रोयल गण्डकी म्यानपावर प्रा. लि.**
सामाखुसी-३, काठमाडौं, फोन: ४३८७८७१

**भुलसुधार**

मिति २०८०/११/१९ गते यस दैनिकमा प्रकाशित, युएइमा रोजगार शिर्षक कम्पनीको नाम : Calibers Recruitment Services, पूर्व स्वीकृत मिति: २०८०/११/०६, चलानी नं.: **६०२१५१४४**, र LT. No.: 300266 को पुन: विज्ञापनमा राम जानकी ट्रेनिङ सेन्टर, जनकपुरमा २०८० फागुन २९ र चैत्र १ गते (13 & 14 March 2024) हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

**TRIVENI OVERSEAS CONCERN PVT.LTD**
Govt.Lic.No.: 341/059/060
P.O. Box: 23489 Ring Road, Bashundhara, Kathmandu, Nepal
Hotline: 01- 4987602, 4987603

**FREE VISA, FREE TICKET सहित UAE मा रोजगार**

कम्पनी : ALAIN CO-OPERATIVE SOCIETY — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८०/११/१८ — चलानी नं.: ६०२१५८३७ — L.T. No.: 300958

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब UAE | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Butcher | 75 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,२३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Fishmonger | 75 | 0 | | 1200 | ४३,२३६ | | | | | | | |
| 3. | Receiving Clerk/asst.receiving Clerk | 50 | 0 | | 1400 | ५०,४४२ | | | | | | | |
| 4. | Sales Officer-shop Assistant | 150 | 100 | | 1200 | ४३,२३६ | | | | | | | |
| 5. | Shop Assistant | 0 | 150 | | 1200 | ४३,२३६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २७ गते (10 March 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

**BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, ९८५६०२०७८६

**कुवेतमा रोजगार** | कम्पनी: MEZYENA SPA HEALTH INSTITUTE COMPANY FOR LADIES — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/११/१८ — चलानी नं.: ६०२१५८३६ — LT. No.: 300890

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 2 | सम्बन्धित काममा दक्ष | 150 | ६४,४९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | manicure & Pedicure | 0 | 2 | | 150 | ६४,४९३ | | | | | | | |

कम्पनी: DEE GLOW LADIES BEAUTY SALON CO. — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/११/१८ — चलानी नं.: ६०२१५८३४ — LT. No.: 300891

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 5 | सम्बन्धित काममा दक्ष | 150 | ६४,४९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | manicure And Pedicure | 0 | 5 | | 150 | ६४,४९३ | | | | | | | |

कम्पनी: DAR WED LADIES BEAUTY SALON CO. SPC — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/११/१८ — चलानी नं.: ६०२१५८३५ — LT. No.: 300893

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 12 | सम्बन्धित काममा दक्ष | 150 | ६४,४९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | manicure And Pedicure | 0 | 12 | | 150 | ६४,४९३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन २७ गते (10 March 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

**Guideline Recruitment Service Pvt. Ltd.**
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497, 9823461212/9828978131
Email: reception.guideline@gmail.com, Web: www.guidelinerecruitment.com


**Karnali Province Government**
**Ministry of Physical Infrastructure And Urban Development**
**Infrastructure Development Directorate**

## Infrastructure Development office

**Dailekh**

## Invitation for Online Bids (NCB)

**Invitation for Bids No: 01/080/081(2Re)**

**Date of First Publication: 2080/11/20 (3rd Mar, 2024)**

1. Infrastructure Development Office (IDO), Dailekh invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures

| S. N. | Contract ID. Number | Name of Project | Average annual Construction Turnover of best 3 years withinthe last 10 years (Nrs.) | Bid Security Amount (NRs.) | Bid andBid Security Validity Period | Non Refundable Fee for Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 01 | IDO/ Dailekh/W/ NCB- 01-080/081(2Re) | Sagetada – Chamunda – Bindrasaini Sadak Khand Ko Daungsur dekhi cha. Bi. Na. Pa. 8 BhoteChautara Madyapahadi Jodane Sadak Istar Unnati | 86,5,00,000 | 14,75,000.0 | 120 and 150 days from bid opening date respectively | 5,000.00 |

2. Bidder shall have the option of submitting their bids electronically only and submission of hard copy bids shall not be entertained.
3. Eligible Bidders may refer complete set of Bid document for further information at Infrastructure Development Office, Dailekh Telephone No:089-420153 Or may visit PPMO website www.bolpatra.gov.np./egp.
4. Eligible Bidders submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document and bid security in the account as specified below and the scanned copy (pdf. format) of the Bank depositvoucher and bid security shall be uploaded by the bidder at the time of electronic submission of the bids. Informationto deposit the cost of bidding document and bid security in bank is as follow respectively:

| | | |
|---|---|---|
| **Name of Office** | : | **Infrastructure Development Office, Dailekh** |
| **Name of the Bank** | : | **Rastriya Banijya Bank, Dailekh Branch.** |
| **Rajaswa (Revenue) Account Number** | : | **1000100201010000 (for Bid Document Fee)** |
| **Dharauti Account Number** | : | **4010100202030000** |
| **Rajaswa Shirshak (Revenue) Number:** | | **14229** |
| **Office Code Number** | : | **3370167016** |

5. Pre-bid meeting shall be held at Infrastructure Development Office, Dailekh, at 12:00 hours on dated 2080/11/23 (6th Mar., 2024).
6. Electronic bids must be submitted to the Infrastructure Development Office, Dailekh, electronically through PPMO website www.bolpatra.gov.np./egp. on or before 16:30 hours on dated 2080/11/29, (12th Mar, 2024) . Bids received after this deadline will be rejected.
7. The bids will be opened electronically at After 17:00 hours on dated 2080/11/29, (12th Mar, 2024) in the presence of the bidders' representatives whochoose to attend in Infrastructure Development Office, Dailekh. Non-attendance of any or all of the bidders'representatives shall not hinder the opening of the Bids.
8. In the case of discrepancies or error in bidding document, tender notice or any other document, the Office of the Infrastructure Development Office, Dailekh reserves the right to amend and correct at any time. If any amendments which will be posted in the notice board of Infrastructure Development Office, Dailekh Or may visit PPMO's Websitewww.bolpatra.gov.np./egp.
9. If the last date of pre-bid meeting, purchasing and submission falls on a government holiday, then the next workingday shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Employer (Infrastructure Development Office, Dailekh) reserves the right to accept or reject, wholly orpartly any or all the bids without assigning any reason, whatsoever.
11. The bidders are strongly advised to visit the site before bidding.
12. Any matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 andpublic procurement regulations, 2064 (including amendment) and other prevailing rules and regulations of GoN.

**Acting Office Chief**

# प्रवासमा रहेका नेपालीहरू राष्ट्रका सम्पत्ति हुन् : जनार्दन शर्मा

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १९ फागुन



नेकपा माओवादी केन्द्रका नेता एवम् पूर्वमन्त्री जनार्दन शर्माले प्रवासमा रहेका ४०-५० लाख नेपालीहरु राष्ट्रको पुँजी र सम्पत्ति रहेको बताउँदै प्रवासी नेपालीकै कारण राष्ट्र चलेको बताएका छन्। नेपाली जनप्रगतीशील मञ्च कतारको छैटौं महाधिवेशनलाई सम्बोधन गर्दै शर्माले नेपाल निर्माण गर्ने जनशक्ति नेपालबाट बाहिरिएको बताए।

उनले महाधिवेशनमा सहभागी वक्ताहरूले दिएका सुझाव सरकारसमक्ष उठाउने प्रतिबद्धता जनाए। उनले मञ्च कतारमा रहेका ४ लाख नेपालीहरूको अभिभावक बन्न सक्नुपर्ने बताए। राजनीतिको चपेटामा नेपाली रहेको स्वीकार्दै उनले सामन्तवादबाट थिचिएको समाजले गरेको विद्रोह तथा जनआन्दोलनमार्फत नेपालमा लोकतन्त्र र नागरिकले अधिकार प्राप्त भएको बताए। उनले नेपालको राजनीतिकरणको सिको नगरी मेलमिलाप सद्भाव र भाइचाराबाट अगाडि बढ्न कतारमा रहेका नेताहरूलाई सुझाव दिए।

महाधिवेशनका प्रमुख अतिथिसमेत रहेका शर्माले सुशासन कायम र संविधानलाई कार्यान्वयन गर्नमा समस्या रहेको स्वीकार्दै जनताका प्रतिक्रियालाई सदैव सकारात्मक लिने गरेको बताए। विचार र योजनासहितको नयाँ पुस्तालाई राजनीतिले खोजेको बताउँदै उनले आफूले त्यसका लागि बहस थालिसकेको बताए। देशमा राजनीतिक स्थायित्व कायम गर्दै प्रवासमा रहेका सबै नेपालीले आफ्ना प्रतिनिधि छान्न प्रवासबाटै मत हाल्न पाउनुपर्ने कुरामा माओवादी सदैव अडिग रहेको र त्यसका लागि सरकारले निर्वाचन आयोगसँग छलफल शुरु गरिसकेको बताए।

राजनीतिक अस्थिरताले गर्दा सरकारले गरेका राम्रा काम ओझेलमा पर्ने गरेको उनले बताए। शर्माले आफू ४ पटक मन्त्री भए पनि जम्मा ९ महिना ऊर्जा मन्त्री भएको र त्यो अवधिमा लामो समयदेखि जनताले खेप्दै आएको लोडसेडिङको अन्त्य गर्छु भन्दा विज्ञापन निकालेर सम्भव छैन भन्ने र कुलमान घिसिङलाई प्राधिकरणमा नल्याउन दबाब दिनेलाई नै चुनौती दिँदै त्यहाँको भ्रष्टाचारलाई न्यूनीकरण गर्दै लोडसेडिङको अन्त्य गरेर जनतामाझ पुगेको बताए।

मञ्चका अध्यक्ष बुद्धिप्रसाद भण्डारीको सभापतित्वमा सम्पन्न महाधिवेशनमा नेपाली जनप्रगतिशील मञ्च प्रवास समन्वय समितिका सदस्य डिबि क्षेत्री, नेकपा माओवादी केन्द्र, प्रवास समन्वय समितिका अध्यक्ष ओम शर्मा, नेकपा माओवादी केन्द्र, प्रवास समन्वय समितिका सह-इन्चार्ज लक्ष्मण पन्त, एनआरएनए आईसीसीका अध्यक्ष आर.के शर्मा, कतारमा स्थापित विभिन्न संघ संस्थाहरूका प्रमुख तथा प्रतिनिधि, वैचारिक संस्थाका प्रमुख एवम् प्रतिनिधि, विशिष्ट सामाजिक व्यक्तित्वहरूको उपस्थितिसहित शुभकामना मन्तव्य रहेको थियो। बन्द र खुला सत्र गरी दुई चरणमा सम्पन्न महाधिवेशनको खुला सत्रमा मञ्चका उपाध्यक्ष राज देवकोटाले स्वागत मन्तव्य राखेका थिए। कार्यक्रममा बालकलाकारहरु आरोही थापा, प्रज्ञा न्युरे, समृद्धि सापकोटा, दिया सिङले स्वागत नृत्य पेस गरेका थिए।

'प्रवासी नेपालीहरूमा आपसी सद्भाव र एकता अभियान ज्ञान, सीप र पुँजीको लगानी, समृद्ध नेपालको लागि छैटौं महाधिवेशन' भन्ने नारासहित सम्पन्न महाधिवेशनको बन्द सत्रबाट राजेन्द्र देवकोटाको अध्यक्षतामा नयाँ राष्ट्रिय समिति सर्वसम्मत चयन भएको छ। राष्ट्रिय समितिका उपाध्यक्षहरूमा क्रमशः प्रकाश आले मगर, छन्द बहादुर दमाई (कृष्ण), विकाश गैरे, सरिता भण्डारी पौडेल, सेवक बि.क., राजेन्द्र सामेखाम लिम्बू, सोमनाथ कँडेल, युवा उपाध्यक्ष दीपक भट्टराई, महिला उपाध्यक्ष सावित्री तामाङ रहेका छन्।

समितिको महासचिवमा एक्का प्रसाद तामाङ, उप-महासचिवद्वयमा पूर्ण बहादुर राना र उत्तर बहादुर रोका, सचिवहरूमा क्रमशः तिलकराम भुसाल, टोपलाल जैसी, गुप्त बहादुर बिक, नौला सिंह घर्ती र तारा टमटा (कमल) रहेका छन्। कोषाध्यक्षमा जिवन न्यौपाने सह-कोषाध्यक्ष नर बहादुर थापा रहेको राष्ट्रिय समितिका सदस्यहरूमा यमलाल बन्जाडे, यज्ञ बहादुर रावत, प्रकाश घताने, चन्द्र बहादुर बिक (सन्देश), मोहन वि.क, राजेश श्रेष्ठ, कृष्ण बहादुर ताम्रकार,रण बहादुर बि.क, नयन भुजेल, वसन्त ताम्राकार, रञ्जित पुलामी मगर, मेग बहादुर बलम्पाकी मगर, माधव भण्डारी, सिद्धि लिम्बु, गणेशी ठाकुर, दुर्गा प्रसाद दर्लामी मगर, टिकाराम तामाङ, गुना कुमारी मगर, विश्व जङ्ग राई, मन कुमारी राई, राजदेव यादव, आसील महमद, चित्र थापा, भीम बहादुर बस्नेत, हरि बहादुर रावल, सुरेश केसी, गङ्गा बहादुर सुनार (स्पात) र कर्ण बहादुर ओली रहेका छन्।

नवनिर्वाचित राष्ट्रिय समितिलाई निर्वाचन समितिका संयोजक जेबी राईले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए। कूल ५७ सदस्यीय राष्ट्रिय समितिका अन्य बाँकी पदहरूमा महिला, जनजाति, मुस्लिम, मधेशी, थारु, सुदूरपश्चिमलगायत अन्य भेग र समुदायलाई समेटेर राष्ट्रिय समितिले मनोनीत गर्ने निर्वाचन समितिले जनाएको छ।

मञ्चका सचिव विकास गैरेले सहजीकरण गरेको खुला सत्रको अवधिभर गुना मगर 'निशु', रेश्मी सेन्चुरी, बाबु कौशल, शान्ति वली, सृष्टि लामा, सुमित्रा भट्टराई, सुरेश बिसीले विभिन्न जनवादी गीतहरूमा आ-आफ्नो गायन तथा नृत्य प्रस्तुतिहरूमार्फत उपस्थितलाई मनोरञ्जन प्रदान गरेका थिए। खुला सत्रको समापन गर्दै महाधिवेशनका सभापति भण्डारीले आफ्नो कार्यकाल र महाधिवेशन सफल बनाउन विभिन्न माध्यम तथा स्थानबाट सहयोग पुऱ्याउने सम्पूर्णलाई धन्यवाद व्यक्त गर्दै बन्द सत्रबाट बन्ने नयाँ कार्यसमिति सँगसँगै रहेर साथ सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

# भूमिकास्थान नगरपालिका र छत्रदेव गाउँपालिकाबीच अनुभव साटासाट

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १९ फागुन



अर्घाखाँचीको छत्रदेव गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमको अभिमुखीकरण तथा भूमिकास्थान नगरपालिकाले सञ्चालन गरेको कर्मशील जनशक्ति परिचालनका बारेमा अनुभव आदान-प्रदान कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा छत्रदेव गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठले अनुभव साटासाट गर्नाले थप कार्ययोजना बनाउन सहज हुने भएकाले यस्ता खालका कार्यक्रम प्रभावकारी हुने बताए। उनले प्रधानमन्त्री रोजगार कार्यक्रममा पनि गाउँपालिकाले अब के गर्दा राम्रो हुन्छ भन्ने विषयमा वडा अध्यक्षहरुसँग छलफल गरेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत भेषराज घिमिरेले प्रधानमन्त्री रोजगार कार्यक्रममा निवेदन सूचीकृत गर्दा मापदण्ड पूरा गरेका मात्र समावेश गर्न रोजगार संयोजकलाई निर्देशन दिए। उनले अझै पनि सूचीकृत हुँदा खास विपन्न परिवार समावेश नभएको गुनासो गाउँमा आउने गरेकाले गुनासा नआउने गरी काम गर्न अनुरोध गरे। कर्मशील जनशक्ति परिचालनको विषयमा गाउँपालिकाले छुट्टै बहस गरेर कार्यपालिकाबाट निर्णय गरी अगाडि बढ्ने अधिकृत घिमिरेले बताए।

कार्यक्रममा भूमिकास्थान नगरपालिकाका योजना अधिकृत हरिषचन्द्र भुसालले भूमिकास्थान नगरपालिकाले सञ्चालन गरेको कर्मशील जनशक्ति परिचालन कार्यक्रमको प्रभावकारिताका बारेमा छत्रदेवका जनप्रतिनिधि तथा कर्मचारीलाई जानकारी गराएका थिए। भुसालका अनुसार कर्मशील महिला उद्यमी तयार गरी मकैको पोष्कर र थाकलबाट टोपी र झोलाको तालिम प्रदान गरिसकिएको र उनीहरु अब आयआर्जनमुखी काम गर्न शुरु गरेका छन्। त्यसको बजारीकरणका लागि सहजीकरण गरेको जानकारी गराउँदै भुसालले बाँझो जग्गा खनेर गहत, प्याज खेती गर्न शुरु गरेको विषयमा समेत अनुभव साटासाट गरिएको जानकारी दिए।

कार्यक्रममा छत्रदेव गाउँपालिका वडा नम्बर ६ का वडा अध्यक्ष कमल पौडेलले राज्यको लगानी उत्पादन क्षेत्रमा लगाउन आवश्यक रहेको बताए।

# बानेश्वर कृषक समूहको साधारण सभा सम्पन्न

**रामएकवाल साह/मध्यान्ह**
रौतहट, १९ फागुन

बानेश्वर कृषक समूहले आफ्ना तेस्रो वार्षिक साधारणसभा सम्पन्न गरेकोछ। रौतहट गौर वडा नम्बर २ महादेवपट्टी गाउँका सयौं किसानहरूको उपस्थितमा समुहका अध्यक्ष हेमन्त राय यादवको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रममा प्रमुख अतिथि गौर नगरपालिकाका मेयर शम्भु साह रहेका थिए भने अतिथिहरुमा वडा अध्यक्ष बिनोद कुमार जयसवाल, पूर्व वडा अध्यक्ष रामजी राय यादव, पूर्व शिक्षक रामचन्द्र साह, वडा सदस्य साहेव राय रहेका थिए।

नगरपालिकाबाट सुपथ मूल्यमा बिउविजन उपलब्ध गराउँदै आएको र सिँचाइका लागि बोरिङ, पम्पसेट, मोटर, पाइप उपलब्ध गराएको अध्यक्ष हेमन्त राय यादवले जानकारी दिए।

किसानहरूलाई बजेटले भ्याएसम्म राहत स्वरूप सेवा दिने मेयर शम्भु साहले प्रतिबद्धता जनाए। सो सभामा वार्षिक प्रतिवेदन एवं आगामी बजेट र योजनाका बारेमा जानकारी गराइएको थियो। कार्यक्रममा किसानहरुले मेयर साहसँग खेत-खेतमा बिजुली पोल जडान गर्न माग गरेका थिए।


खत्याड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रामतडी, मुगु
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मिति : २०८०/११/२० गते)

यस कार्यालयको आ.व. २०८०/०८१ को बोलपत्र आव्हान (इ-बिड) को सूचना अनुसार रितपूर्वक पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रहरुको मूल्यांकित सारभुत रुपमा प्रभावग्राही भई स्विकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनको लागि सम्बन्धित सवै बोलपत्रदाताहरुलाइ जानकारीको लागि यो सूचना द्वारा जानकारी गराइन्छ।

तपसील

| सि.नं. | ठेक्का नम्बर | कामको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (भ्याट सहित) |
|---|---|---|---|---|
| १. | KRM/NCB/WORKS/03/2080/81 | Road Gravelling work at Khatyad-06, Raskotibada | Symon Nirman Sewa Khatyad-09, Mugu | 1268255/- |

प्रमुख प्रशासकीय अधिकृत


# निःशुल्क शल्यक्रियापछि धानीले पाइन् नयाँ जीवन



**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, १९ फागुन

दोलखाको सदरमुकाम चरिकोटस्थित च्छोरोल्पा जनरल अस्पतालमा ७ किलोको ट्युमर निकालिदिएपछि सिन्धुपाल्चोककी धानी तामाङले नयाँ जीवन पाएकी छिन्। सिन्धुपाल्चोक साँगागढीचोक नगरपालिका वडा नम्बर- ८ की तामाङको चरिकोटस्थित च्छो-रोल्पा अस्पतालले निःशुल्क शल्यक्रिया गरी ७ किलो ट्युमर निकालिदिएपछि नयाँ जीवन पाएकी हुन्। उनको विगत १ वर्ष देखि आङ खस्ने समस्या थियो। तर आर्थिक अभावका कारण उपचार हुन सकेको थिएन। उनको आर्थिक अभावकै कारण उपचार हुन नसकेपछि अस्पतालले निःशुल्क उपचार गरिदिएको अस्पतालले जनाएको छ।

उनको एक वर्ष देखि पाठेघरमा भएको ट्युमरले सताएपछि शल्यक्रिया गर्न आर्थिक अवस्था कमजोर थियो। त्यसपछि वडाको सिफारिसमा तामाङ शुक्रबार उपचारको लागि अस्पतल आएकी थिइन्। त्यसपछि अस्पतालका मेडिकल डाइरेक्टर डा. विनोद दंगालको टिमले उनको निःशुल्क उपचार गरिदिएको हो। अस्पतालले निःशुल्क उपचार गरिदिएपछि तामाङको परिवार खुसी भएका छन्।


**मेडिकल सेन्टर बिक्रीमा**

**काठमाडौं उपत्यकामा सञ्चालनमा रहेको राम्रो आम्दानी भएको मेडिकल सेन्टर तुरुन्त बिक्रीमा भएकोले इच्छुक महानुभावहरूले सम्पर्क गर्नु होला।**

**सम्पर्क: ९७६५४१४४३५**



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति: २०८०/११/२०**

**शुकु माया पशुपंक्षी तथा कृषि फार्म प्रा.लि.** को मिति २०८०/०८/२२ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एस.एम.अर्गानिक एग्रो प्रा.लि. (प्रा.लि. नं.: २८२२९५)** कायम गर्ने गरी मिति २०८०/०८/२४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
पाँचथर, कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८०/११/२०**

यस कार्यालयद्वारा मिति २०८०/१०/१५ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपशिल बमोजिमको सडकहरुको स्तरोन्नती कार्यको लागि विद्युतीय खरिद प्रणाली (E–Bidding) मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमको बोलपत्र न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताको जानकारीको लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का नं. | आयोजनाको नाम र ठेगाना | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (पी.एस. र भ्याट सहित) |
|---|---|---|---|---|
| 1. | IDO-PAN-NCB-ROAD-080/81-31 | Upgrading of Saptami-Dashami-Mouwa Road, Panchthar | Singer Nirman Sewa Pvt. Ltd., Phalgunanda-3, Panchthar | 30,47,711.90 |
| 2. | IDO-PAN-NCB-ROAD-080/81-32 | Upgrading of Phungling -10 Gabbe Dekhi Pathivara Jane Chhatedhunga Jodne Road, Taplejung | Kanchha Lawati Construction, Phungling-7, Taplejung | 31,58,409.14 |
| 3. | IDO-PAN-NCB-ROAD-080/81-33 | Upgrading of Yuvraj School-Garase-Bikhe Bhanjayang Ilam Road, Phidim Municipality-14, Panchthar | Rohan Nirman Sewa, Phidim-2, Panchthar | 19,43,105.89 |
| 4. | IDO-PAN-NCB-ROAD-080/81-34 | Construction of Rigid Pavement along Phidim Phalot Road, Phidim Municipality-01, Panchthar | Ojas Engineering Solution Pvt. Ltd., Kathmandu-28 | 27,97,934.96 |

कार्यालय प्रमुख





मध्यान्ह
www.madhyanhadaily.com
२० फागुन २०८०, आइतबार
3 March 2024, Sunday

सम्पादकीय

# निर्दयी मेयर, रमिते सरकार

संघीय सरकारसँग सार्वजनिक रूपमै असहमति राख्दै आएका काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहका कयौं कदम विवादित छन् । त्यस मध्ये राजधानी शहरका फुटपाथबाट साना व्यावसायी हटाउने उनको निर्णय सवैभन्दा धेरै विवादित छन् । तर मेयर बालेन आफ्नो कदमबाट पछि हट्न तयार देखिदैनन् । जसकारण गत बुधबार सुन्धरामा झडप नै भयो । फुटपाथ व्यावसायी हटाउने क्रममा नगर प्रहरीसँग झडप भएको थियो । त्यो झडपमा १० जना नगर प्रहरी, ५ जना फुटपाथ व्यवसायी र एक सञ्चारकर्मी घाइते भएको प्रहरीले जनाएको छ । यो घटनामा नगर प्रहरीले साना व्यवसायीमाथि कुटपिट गरेको विषयलाई लिएर चर्को विरोध भइरहेको छ । नगर प्रहरीकै क्षेत्राधिकारमाथि समेत प्रश्न उठेको छ ।

नगर प्रहरीले बल प्रयोग गरेको भिडियोहरू यसअघि पनि थुप्रै पटक सार्वजनिक भइसकेको छ । फुटपाथका घुमन्ते व्यवसायी हटाउदा नगर प्रहरीले सामग्री जफथ गर्ने, व्यवसायीमाथि कुटपिट गर्ने र गालीगलौजमा उत्रने गरेको भिडियोहरूमा देख्न सकिन्छ । त्यही शृङ्खलाको निरन्तरतामा बुधबार सुन्धरा घटना हुन पुग्यो । यो घटनामा समेत बालेनका समर्थकहरू सामाजिक सञ्जालमा आक्रोशित देखिन्छन् । तर मेयर बालेनले यसबारे कुनै सार्वजनिक टिप्पणी गरेका छैनन् । गैरदलीय उम्मेद्वारी दिएर मेयर जितेका बालेन त्यसैपनि सार्वजनिक सम्वादमा आउने गर्दैनन् । लागेको कुरा सामाजिक सञ्जालमा लेख्ने गरेर आफूलाई सधैं रहष्य बनाउने बालेनको अर्को विशेषता सामाजिक उत्तरदायित्व र जवाफदेहिता नहुनु हो । राजकीय पदमा रहेर पनि सधैं मनमौजी रहने अटेरी गरिरहेका उनी फुटपाथका व्यावसायीविरूद्ध निर्दयी देखिदै आएका छन् ।

किनकि राजधानी उपत्यका रहेको महानगरमा यहाँका मतदाता बाहेकलाई पनि व्यवसाय गर्ने र बसोबास गर्ने अधिकार छ । उनीहरूको समस्या समाधानको दायित्व मेयरको पनि हो । आफ्ना मतदाता बाहेकका नागरिकको दायित्व संघीय सरकारले लिनुपर्ने जस्तो व्यर्वहार मेयर बालेनले देखाइरहेका छन् । यदि उनमा उत्तरदायित्व र जवाफदेहिता हुन्थ्यो भने फुटपाथ व्यावसायीलाई हटाउनुसँगै विकल्प समेत प्रस्तुत गर्ने थिए । तर कुनै विकल्प नदिई उनी निर्दयी रूपमा प्रकट भइरहेका छन् । यो विषयमा प्रदेश र संघीय सरकारले समेत चासो दिएको देखिदैन । तर संकटमा भने फुटपाथका कमजोर वर्ग परेका छन् । यसबारे मेयरले आफ्नो शैली र निर्णय बदल्न आवश्यक छ भने संघीय सरकार रमिते भएर बस्न मिल्दैन । साझा समस्या समाधान गर्न उचित विकल्पमा जान आवश्यक छ ।

# लोकतन्त्र र गरिबी

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

कृषि प्रधान देशमा तीन वर्षअघि बल्ल दूधमा आत्मनिर्भर भनियो, त्यो पनि व्यवहारिक प्रयोग भएन । खुल्ला सिमाना लुकिछिपी विदेशबाट दूध र दुग्धजन्य पदार्थ आउँछ। औपचारिकमै पनि यी वस्तु आउने गरेको छ, भन्सार विभागको आँकडामा गत आ.व.मा दुई अर्ब २९ करोडको, यसअघिको आ.व.मा एक अर्ब ६७ करोडको र यसै आ.व.को सात महिनामा पनि एक अर्ब ४८ करोडको दूध र २४ करोडको चीज आयात भएको आँकडा आएको छ । यहाँ सबैथरी पारिको भन्दा महँगो छ, दूध पनि पारिभन्दा यहाँ महँगो छ किनभने यहाँ सबैभन्दा महँगा र खर्चिला नेता छन् र खर्चिलो राजनैतिक प्रणाली छ । यहाँ किसानले दूध सडकमा पोख्छन्, मिल्क होलिडे भनिन्छ । सरकारी र निजी दुग्ध व्यवसायीसँग मनग्गे पाउडर दूधको स्टक बाँकी छ तर, दूधको भाउ घटाएर वितरण गरिने प्रयास गरिँदैन ।

गरिबी घटाउने योजना छ, गरिबी घट्ने होइन बढ्दैछ । खान नपाएर मान्छे खाडीतिर जाँदैछ, देश छोडेर । लोकतन्त्र आएपछि पनि बानेश्वर सिँहदरबारको फुटपाथ प्रयोग गर्न नपाइने भएको छ । अघि राजाका पालामा दरबारअगाडिको फुटपाथबाट हिँड्न मिल्दैनथ्यो, अबको दरबार बालुवाटार, सितल निवास, बालकोट, सिंहदरबार, बानेश्वर खुमल्टार जतातते सरेको छ । निषेधाज्ञा थिएन पहिले, टुँडिखेलमा जम्मा भएर आफ्नो कुरा राख्न पाइन्थ्यो, अब काठमाडौंमा सबैतिर निषेधित छ । केही दर्जन महिलाहरूले शाहस गरेर संसद भवन त छिरे तर, पक्राउमा परे ती ।



गरिबी निवारण हेतु विगत २०१३ सालदेखि नै मुलुकले योजनाबद्ध विकासको थालनी गरेको हो । लामो समयको प्रयासका बाबजुद पनि मुलुकले आर्थिक विकासमा उल्लेखनीय प्रगति हासिल गर्न नसकेको कटु यथार्थ हामीसँग छ। २००७ साल भनौ आठ दशदेखिको अभियान अधुरो हुनु र संघीयता र गणतन्त्र आएपछि यो अभियानले सार्थकता पाउँछ भनिरहँदा यतिबेला नेपाली जनजीवन बढी कष्टकर हुनुमा को दोषी छ, मसिनो ढंगले बहस किन नहुने ? आउने दिन अझ कष्टकर हुने धेरै संकेत देखिएका छन् । नाना, खाना, छानाको अभावमा नेपाली परदेशिने र उतैबाट शव फर्काउनु पर्ने बाध्यता छ । इजरायलको घटना पछिल्लो उदाहरण छ ।

बेरोजगारी समस्याको हल गर्ने, गरिबी र असमानता हटाउने र दिगो शान्ति स्थापना गर्ने राज्यको उद्देश्य थियो । समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माणका लागि आर्थिक र सामाजिक रूपान्तरणको आधार तय गर्नु योजनाहरूको लक्ष्य थियो । अहिले त देशमा दिनदिनै नारा, जुलुस पनि देखिन थालेका छन् फेरि, ऋण तिर्न सकिएन भन्दै । कर्मचारी, प्रहरीबीच पनि झडप भएको छ । स्थानीय तहका कर्मचारी मात्र होमिएका होइनन् आन्दोलनमा, शिक्षक, चिकित्सक, मानव अधिकारकर्मी सबैजसोले सडक तताएका छन् । सुशासनको नारा देशले तय नै गर्न सकेन । बेरुजु बढेको छ। राजनैतिक इमान्दरिताको अभाव छ, कूटनैतिक सफलतामा हम्मेहम्मे परेको छ। जलवायु संकटबाट परेको असर न्यून गर्न विदेशीहरूसँग ठूलै रकम मागिएको अवस्था छ । संयुक्त राष्ट्र संघका महासचिवलगायत कोप २८ मा हामीले विश्वप्रति गराएको ध्यानाकर्षणले पनि सोको पुष्टि गरेको छ । गरिब र सीमान्त समूहको आयवृद्धि गर्ने भनियो, तर दूर्गम त के सुगमकै हालत सकारात्मक छैन । बजारमा सामान पर्याप्त आपूर्ति छैन, उत्पादनमा हाम्रो पर्याप्त ध्यान गएन र व्यापारतिर मात्रै सबैजसोको आँखा पुग्यो । राजनीति सफा भइसकेको अबस्था छैन, बिना लगानीको ठूलो प्रतिफल लिनेतिर ध्यान जाँदैछ ।

गरिबी निवारण र आर्थिक बृद्धिमा ठोस योगदान पुऱ्याउने, सरकारप्रति जनविश्वास वृद्धि गर्न रोजगारीका अवसरहरू सिर्जना गर्न केही ठूला आयोजनाहरूमा लगानी बढाउने र स्थानीयस्तरमा समुदायद्वारा पहिचान गरिएका र व्यवस्थापन गर्न सकिने बहुसंख्यक आयोजनाहरू कार्यान्वयन गरी जनसहभागिता, स्वामित्वभाव तथा रोजगारी वृद्धि गर्ने रणनीतिहरू

*लोकतन्त्रसँगै गरिबी घट्ने होइन, बढ्दैछ । खान नपाएर मान्छे खाडीतिर जाँदैछ । देश छाड्नेहरू बढ्दैछन् लोकतन्त्रमा । लोकतन्त्र आएपछि बानेश्वर र सिँहदरबारको फुटपाथ प्रयोग गर्न नपाइने भएको छ । अघि राजाका पालामा दरबारअगाडिको फुटपाथबाट हिँड्न मिल्दैनथ्यो, अबको नारायणहिटी दरबार, बालुवाटार, सितल निवास, बालकोट, सिँहदरबार, बानेश्वर खुमलटार जतातते सरेको छ ।*

अतितका योजनाहरूले अंगिकार गरे जस्तो मात्रै भए, पूरा भएनन् । ठूला विकास आयोजनाहरूको हविगत त्यस्तै छ। देशले समृद्धिको बाटो कोर्ने सपना अधुरै रह्यो ।

हाम्रो देश दक्षिण एसियाको सबैभन्दा गरीब भनी प्रमाणित भएको छ। अरु पनि छन् संकटमा यहाँ । श्रीलंका, पाकिस्तानपछि बंगलादेश आर्थिक संकटमा छ अहिले र चौथोमा परेका छौं हामी । ठूलो व्यापारघाटा, उच्च मुद्रास्फीति, विदेशी मुद्रा सञ्चितिमा कमी, ऊर्जा संकटका कारण विश्व बैंक र आईएमएफबाट ऋण धेरै लिनु परेको छ बंगलादेशले । हाम्रो संकट पनि उस्तै हो, देश श्रीलंका हुन्न भन्छ नेतृत्व, महिला साक्षरता बढेको, शिशु मृत्युदर घटेको, मानव विकास सूचकांक राम्रो रहेको नजिकको भारत, पाकिस्तानभन्दा राम्रो भएको भनेर फुर्केको बंगलादेशले चमत्कारै गरेको छ भनेको केही समय बित्न नपाउँदै उसको संकट चुलिएको खबर बाहिरियो केही समय अघिमात्र हाम्रो हालत अब के होला त ? असार सकिँदा आधा रोपाइँ भएन, धान काट्न र रोप्नैका लागि विदेशीहरू आउनु पर्छ यहाँ, स्वदेशीहरू खाडीतिर भैंडा गोठाला भए । चामलको कत्रो हाहाकार छ, छिमेकीले भन्सार बढाएर यहाँ कति महँगो भयो, पछि निर्यात नै रोकियो, अब त कोटा तोकेको अबस्था छ, पहिले गहूँ, आटा, सूजी निर्यात रोक्दा यहाँको महँगी धेरै बढ्यो ।

मध्य साउनमा आउँदा २० प्रतिशतले रोपाइँ कम भयो, खेती हुने कर्णाली क्षेत्रमा गोरुको अभाव रह्यो, अरु पहाडी क्षेत्रमा त्यही हालत छ र अन्न भण्डार भनिने तराईमा अनाज उब्जाउ कमी छ । गत वर्षमै भारतबाट मात्रै २० अर्ब बढीको धान, ३५ अर्ब बढीको चामल आयात भयो । नेतृत्व लिनेहरू देश दौडाहामा लागिरहन्छन्, आपूर्ति श्रृंखला के छ हेर्नै भ्याउँदैनन् । खेतिपातीका लागि पशु पनि चाहिन्छ र प्रांगारिक मल पनि । गाईभैंसीमा लागेको लम्पी स्किन रोगले गएको चैत्रदेखि वर्षाकै समयसम्म पनि सात लाख ६४ हजार चौपाया संकमृत भए, चार महिनामा २६ हजार पशु मरे, किसानहरूको ३७ अर्ब ५० हजारको नोक्सानी भएको खबर आयो गत वर्ष । साउनमा आइपुग्दा साँढे दश लाख बढी पशु संक्रमित भए र झण्डै ५० हजार मरेका खबर पनि आयो त्यतिबेला ।

अन्नको त भण्डारै हुनुपर्ने हो देशमा । देशलाई वार्षिक ७६ लाख मे. टन धान आबश्यक छ, आगामी सन् २०३५ सम्ममा वार्षिक एक करोड दुई लाख ६० हजार मे. टन चाहिन्छ । सरकार भन्छ- ७६ लाख मे.टन उत्पादन हुन्छ, हालको लगानीले १२ वर्षमा यति उत्पादन कसरी होला ? जलवायु संकट बढ्दो छ । यो साललाई ५६ अर्बको बजेट हालियो, गत सालको बजेट १० अर्ब नै फिर्ता भयो, खर्चै गरिएन, खानेबेलाको अन्न बाढीले, पहिरोले बढार्ने गरेको छ। दैनिक प्रति व्यक्ति २५० ग्राम चामल खपत हुन्थ्यो पहिले, सन् २०१० मा आउँदा प्रति व्यक्ति वार्षिक १३२:१६ केजी भयो, २०१५ मा पुग्दा १३६:९ केजी भयो, हाल १३८:७४ केजी छ, आउने दिनमा थप होला पक्कै । कूल उत्पादन नियमित भएछ भने पनि ३० प्रतिशत चामल त आयात नै हुने हो । खाद्य सुरक्षा भन्दै विदेशीले खाद्यान्न निर्यातमा रोक लगाउन थालेको धेरै समय भइसक्या छ ।

भारत, चीन, अमेरिका, कोरियालगायत १७ देशबाट चामल आयात गरेर पेट धान्नुपर्ने नेपालीप्रति विश्वको धारणा के होला त ? संक्षेपमा भन्नुपर्दा वार्षिक तीन खर्ब बढीका कृषि उपजको आयात हुने गरेको छ, २८ अर्ब बढीको तरकारी नै आयात हुन्छ, अब त ढुकुटी बढाउने प्रयोजनार्थ सरकारले भान्छामा पनि भ्याट लगाएको छ। देशमा प्याजको हाहाकार भयो, छिमेकीले निर्यात बन्द गर्दा, ९८ प्रतिशत प्याज विदेशबाटै आउँछ, आलु पनि परनिर्भर नै हौं हामी, आधा आलु छिमेकीले दिनुपर्छ, आलु प्याज बिकेजस्तै नेपाली विदेशका बिक्छन् र आलु प्याज बंगलादेश, इन्डोनेसिया, बेल्जियम, मलेसिया र अमेरिकाबाट समेत आउँछ, यहाँ हामी मुडेको आलु भन्दै किन्छौं । मुडेमा कति आलु उत्पादन हुन्छ थाहा छैन । कृषि पेशामा ६६ प्रतिशत जनता हुँदाको हालत यो छ देशमा ।

दसैंतिर मात्रै सरकारले भारतबाट १० लाख मे.टन धान खरीद गर्ने भन्यो उताबाट कोटा ९५ हजारको मात्रै रह्यो । मधेश स्वर्ग थियो पहिले, अहिले कस्तो छ, उत्पादन घटेको छ त्यहाँ, औद्योगिकीकरणका सम्भावना धेरै हुँदा पनि शून्य प्राय: नै देखिन्छ, चिनीको हाहाकार छ। पहिलेका शासकहरू रैतीको चुलो नजलेसम्म आफू खाना खान्नथे रे ! अहिलेकालाई उपचार खर्च नै देशले धान्न सकेको अवस्था छैन, सुविधा धेरै छ तिनको, सुरक्षा खर्च पनि। चुरेको संरक्षण जरुरी छ, नदी, वन, सिमाना, सिमसार, कर्णाली, कोसी, गण्डकी, चुरेबाट बग्ने नदी जलप्रवाहबारे साँचो अध्ययन नै भएन, कमला, बागमती आदि छ हजार बढी नदीनालाको उपलब्धि खोइ त ? अहिले पनि खाद्यान्न आयात २५ प्रतिशतले बढेको छ भन्छ भन्सार विभाग। धान, मकै, जो, कोदो, गहूँको माग बढेको छ, पूर्ति कसरी गर्ने होला ?

हाम्रो देशमा महँगो संघीयता र गणतन्त्र छ । विदेशी ऋणको भारी, उत्पादनका कटौति र बेरोजगारीका कारण युवाहरू यहाँ टिक्न सकेका छैनन् । बजेटको आकारभन्दा धेरै व्यापारघाटा र ऋण छ, देश सम्हालिनसक्नु भइसकेको छ, जन्मदेखि मृत्युसम्मको करले जनता थिचिएका छन्, गरिबीको कहानी घामजस्तै छर्लङ्ग छ ।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

नेतृत्वले हजार गल्ती गर्दा आँखा चिम्लिएर, कानमा ठेडी खाँदेर, मुख थुनेर बसेका मान्छे आफ्नो पद, सुविधा र जिम्मेवारी खोसिँदा नीति, नैतिकता र विधि विधानको कुरा गर्छन् नि त्यो पनि एकप्रकारको अवसरवाद र मनोरोग नै हो- करिअरिष्ट उत्तेजना । आफू भए सबै न्याय र राम्रो, आफू नभए सबै सकियो !



**- सूर्यराज आचार्य**

पेशागत दक्षता भएका विज्ञ राजनीतिमा आउनु पर्ने भन्ने धेरैको मत पाइन्छ । तर, राजनीतिमा पेशागत विज्ञताभन्दा समाजप्रतिको प्रतिबद्धता तथा राजनीतिक संस्कार र सुझबुझ बढी महत्वपूर्ण छ । पेशागत विज्ञ र राजनीतिक नेतृत्वबिचको स्वार्थ/आग्रह रहित सहकार्यबाटै राजनीतिले विज्ञताको लाभ लिनसक्छ ।



**- मुमाराम खनाल**

सरकारी मुख्य मन्त्रालयको जिम्मा लिँदा जतिसुकै विवादित किन नहोउन्, माओवादीजस्तो एकमना र प्रचण्डको नीजि कम्पनीविरुद्ध स्थायी कमीटी सदस्य जनार्दन शर्माको विरोध जायज र अन्तरपार्टी लोकतन्त्रको पक्षमा छ । दोस्रो पुस्ताबाट उनले पार्टीको नेतृत्व लिने हिम्मत गरून । उनको पक्षमा धेरै हुनेछन् ।



**- सेतेमान तामाङ**

जब विद्वानको मस्तिष्क चल्न थाल्छ, तब ज्ञानको धारा प्रवाह हुन्छ, सही र गलत छुट्याइदिन्छ । सकारात्मक सोच र विवेकशील व्यवहारसहित मार्ग निर्देश गरिन्छ भने जब मूर्खको मुड चल्न थाल्छ, तब हरेक ज्ञान कुल्चेर नष्ट गरिदिने, झैं-झगडा, भड्काउने र भत्काउनेमा रमाउने गर्दछ ।

## तपाईको राशिफल

मेष : महत्वपूर्ण भेटघाट सफल हुनेछ । स्वास्थ्य राम्रो रहनेछ ।

वृष : पुरानो कार्य बन्नेछ । स्वास्थ्य लाभ हुनेछ ।

मिथुन : रुकावटहरू समाप्त हुनेछन् । आयमा वृद्धि हुनेछ ।

कर्कट : मुकद्मा सम्बन्धी समस्याको योग छ। यात्रा सफल हुनेछ ।

सिंह : मांगलिक कार्य हुनेछ। पद वृद्धिको योग छ।

कन्या : मनोबल उच्च रहनेछ। विद्यार्थीहरुको लागि शुभ समय छ ।

तुला : भूमि लाभ हुनेछ । कार्यहरूमा सावधानी आवश्यक छ ।

वृश्चिक : व्यवसायबाट सफलता एवम् प्रसन्नता प्राप्त हुनेछ ।

धनु : यात्रा सफल र सुखद रहनेछ । नाता-गोतासित भेटघाट हुनेछ ।

मकर : धार्मिक कार्यमा रुची बढ्नेछ । राजनैतिक समारोहमा सहभागी हुनुपर्नेछ ।

कुम्भ : प्रशस्त मात्रामा धन कमाउनेछ। खर्चमाथि नियन्त्रण राख्नुहोला ।


मीन : शैक्षिक प्रगति हुनेछ । शान्तिमा वृद्धि हुने योग छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# 'चरीमाई'हरूको आवाज

पुस्तक-समीक्षा



● श्याम रिमाल

कथा, कविता, गीत, हाइकु र मुक्तक लेख्दै आइरहेकी अञ्जना पौडेल पहिलो पटक 'चरीमाई' उपन्यासका साथ देखा परेकी छिन् । लमजुङ माइत भएर पनि नुवाकोट पूर्वी भागको परिवेश राखेर लेखकले बेचबिखनमा परेका सीमान्तकृत चेलीहरूको सामूहिक स्वर अभिव्यक्त गरेको प्रस्तुत 'चरीमाई' नेपालका 'चरीमाईहरूप्रति' नै समर्पित छ ।


उपन्यासको कथा सरल छ । छोरी जन्मँदा खुसी हुने नुवाकोटको कुनै गाउँको परिवारमा जन्मेकी चरीमाईलाई उनका बाबुले १४ वर्षका उमेरमै गाउँकै २५ बर्से केटा कमानसिंहसँग उनको इच्छाविपरीत जबर्जस्ती बिहे गराइदिन्छन् । उनको पतिले उनलाई काठमाडौंमा व्यापार गर्ने भनी लगेपछि औषधि खुवाई भारतको बम्बैमा बेचिदिन्छ । त्यहाँ उसलाई आफ्नै गाउँभन्दा परकी आफ्नै जातकी एक महिलाले आफूले चलाएको कोठीमा जबर्जस्ती धन्दामा लगाउँछिन् । त्यहाँ ऊ जस्तै दलालमार्फत बेचिएका अरू चेली पनि हुन्छन् ।

भारतमा १६ वर्षमुनिका लागि त्यस्तो काममा लगाउन नपाइने कानुन बने पनि त्यो लागू हुँदैन । पछि कोठीबाट बाहिर जान छुट दिने, ग्राहकले कोठीबाट बाहिर लग्ने क्रममा एक दिन भागेर उनी एक नेपाली चौकीदारका मद्दतबाट काठमाडौं हुँदै गाउँ फर्किन्छिन् । तर, त्यहाँ पनि उनका बाले बस्न दिँदैनन् ।

माइतबाट केही पर टहरो हालेर बसिरहेकी उनले बा र कुनै पार्टीको गाउँको अध्यक्ष भएको आफ्नो पतिविरुद्ध उजुरी दिँदा पनि प्रहरी चौकीले लिन मान्दैन । उल्टो उनलाई 'बम्बैमा केटी बेच्ने दलाल' भनेर आरोप लगाइन्छ, गाउँका नेता, वडाध्यक्ष र प्रहरीसमेतले घर छाडेर हिँड्न दबाब दिन्छन् ।

फर्केर माइती नजिकै मितिनीका घर आउँदा पनि त्यहाँका अर्ज्याल बाजेले काठमाडौं लगेर यौन शोषण गर्छन् । उनी गर्भवती हुन्छिन् । फलफूल बेच्ने तराईका रामलालले पनि उसैगरी बिहे गरेको बहाना बनाएर उनलाई वीरगन्ज लग्छ । त्यहाँ एक महिलाले उनलाई पहिलेकै बम्बैकी कोठी सञ्चालिकालाई बेचिदिन्छिन् ।

त्यहाँ उसले अर्ज्याल बाजेका तर्फबाट 'गङ्गाजमुना' जन्माउँछिन्, तिनलाई पनि धन्दामै लगाउन विवश पारिन्छ । उनी फेरि गाउँ फर्की होटल व्यवसायमा



लाग्छिन् । त्यहाँ उनको गाउँले जितबहादुरसँग विवाह भई एक छोरी जन्मन्छिन् । पछिल्लो लोग्नेको हत्या हुन्छ । बम्बैमा नै पुऱ्याइएकी गाउँकै शान्ति दिदी र उनले एक गैरसरकारी संस्थाको सहयोगमा दायर गरेको मुद्दाबाट नुवाकोट अदालतबाट कमानसिंहविरुद्ध जन्मकैदको फैसला हुन्छ तर, तीन महिनापछि पुनरावेदन अदालतले बेकसुर रहेको आदेश दिन्छ ।

यो कथा उपन्यासकी नायिकाले अमेरिकामा विद्यावारिधि गर्न गएका र नुवाकोटमा अनुसन्धान गर्न आएका एक विद्यार्थी भूपेन्द्रलाई सुनाएकी हुन् र वक्ता तिनै हुन् । अब चरीमाई र उनकी कान्छी छोरी लता कमानसिंह जस्ता अपराधीलाई कारागार पुऱ्याउन सर्वोच्च अदालतमा मुद्दा हाल्ने तयारीमा छन् ।

उपन्यासको कथावस्तु खासै नौलो होइन, ग्रामीण भेग खासगरी बागमती प्रदेशका जिल्लामा चेलीबेटी बेचबिखनका थुप्रै घटना भएका छन् र अदालती प्रक्रियामा गएका छन् । तैपनि यदाकदा यस्ता घटना दोहोरिइरहेका छन् । यद्यपि, उपन्यासकारले आन्तरिक पर्यटकका रूपमा घुम्दा र घटनाहरू नियाल्दा पाएको ज्ञानलाई यस कृतिका रूपमा उभ्याएकी छिन् ।

आफ्ना छोरी, दिदीबहिनी, पत्नीलाई नै दलाल, धन्दा व्यवसायीलाई बेच्ने अमानवीय प्रवृत्ति र यौनधन्दामा जबर्जस्ती लाग्नुपर्ने चेलीको विवशतालाई उठाएर लेखिकाले त्यस्तो बेचबिखन बन्द गर्न, बेचिएकाहरूको सकुशल रिहाइ गर्न र समाजमा सम्मानित जीवन बाँच्न पाउनुपर्ने तिनको अधिकारबारे आवाज उठाउन गरेको प्रयत्न प्रशंसनीय छ ।

कृतिमा कथा भन्ने शैली पुरानै छ । निकै प्रसङ्ग दोहोरिएका छन् र एकै वाक्यमा उही उही शब्द पनि धेरै परेका छन् । कथा वक्ता भूपेन्द्रका प्रसङ्ग अनावश्यक रूपले लम्बिएको हो कि भन्ने लाग्छ । एकै शब्दका पनि तीन-तीन वटा वर्णविन्यास (इसा, इशा, ईशा) देखिएका छन् भने अन्य त्रुटि (गोधिली, मस्जित, ब्याज, बसाइँ, दैनिकी) पनि बर्गेल्ती नै छन् । ठाउँ ठाउँमा नछुट्टिनुपर्ने दफाहरू पनि छुट्टिन पुगेका छन्, जुन प्राविधिक गल्ती हो ।

# 'गाजामा गरिएको इजरायली कारबाहीमा ९ हजार महिलाको मृत्यु'



**काठमाडौं/एजेन्सी–** सन् २०२३ अक्टोबर ७ मा इजरायलविरूद्ध प्यालेस्टिनी इस्लामिक लडाकु समूह (हमास)ले गरेको आक्रमणको बदलामा गाजामा इजरायली सेनाद्वारा चलाएको हवाई तथा जमिनी कारबाहीमा करिब ९ हजार महिलाहरूको मृत्यु भएको संयुक्त राष्ट्रसंघीय महिला कार्यक्रम (यूएन वुमन)ले शनिबार जनाएको छ ।

धेरै महिलाहरू भग्नावशेषमुनि परेको रिपोर्ट गरिएकाले यो आँकडा सम्भवतः कम भएको उक्त निकायले जनाएको छ । गाजामा युद्धका कारण दैनिक औसत ६३ महिलाको मृत्यु हुने गरेको छ । युद्धले गर्दा प्यालेष्टिनी महिलाहरूले परिवारका अन्य सदस्य गुमाउनु परेको र बाँचेका बालबच्चासमेतलाई असुरक्षाको अवस्था सिर्जना भएको यूएन वुमनले जनाएको छ ।

हरेक पाँचमध्ये चारभन्दा बढी वा ८४ प्रतिशत महिलाले उनीहरूको परिवारले द्वन्द्व शुरु हुनुअघि प्रयोग गरेको आधा वा कम खाना खाने गरेको रिपोर्ट राष्ट्रसंघीय निकायले गरेको छ ।

गाजामा पाँचमध्ये चार अर्थात ८४ प्रतिशत महिलाले गरेको रिपोर्ट अनुसार उनीहरूका परिवारका सदस्यले गत हप्तादेखि खाना छोड्नु परेको छ । तीमध्ये ९५ प्रतिशत आमाहरू खाना बिना नै बस्ने तथा आफ्ना बच्चालाई खुवाउनका लागि आफूहरूले खानामा सम्झौता गर्ने गरेको यूएन वुमनले जनाएको छ ।

गाजाको २.३ मिलियन जनसंख्याले केही हप्ताभित्र खाद्य असुरक्षाको गम्भीर स्तरको सामना गर्नुपर्नेछ । गाजा सर्वेक्षणमा १२ मध्ये १० महिला संगठनहरूले आवश्यक आपतकालीन प्रतिक्रिया सेवाहरू प्रदान गर्दै आंशिक रूपमा खाद्यान्न सहयोग वितरण गरेको रिपोर्ट गरेका छन् । तत्काल मानवीय युद्धविराम नभएसम्म आगामी दिनमा अझ धेरैको मृत्यु हुने उल्लेख गर्दै उक्त राष्ट्रसंघीय निकायले गाजामा आवश्यक पूर्वाधारको विनाश र बम विस्फोट रोक्न तथा तत्काल गाजामा मानवीय सहायता पुऱ्याउन आग्रह गरेको छ ।

## बडिमालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

### सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०।११।२०**

यस कार्यालयको सिलबन्दी दरभाउपत्र न. (BMO/BAJURA/GOODS/SQ//04/080–81) Procurement and Supply of Stationery Items को सार्वजनिक खरिद तथा अनुगमन कार्यालय (PPMO) को वेबसाइट www.bolpatra.gov.np/egp. मा प्रकाशित भइसकेकोले विस्तृत विवरण सोहि वेबसाइटमा हेरी तोकिएको समयभित्र सिलबन्दी दरभाउपत्र पेस गर्नुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**बम बहादुर केसी**
**प्रमुख प्रशासकिय अधिकृत**

## बडिमालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०।११।२०**

यस कार्यालयको बोलपत्र न. (BMO/BAJURA/WORK/NCB//05/080–81) Martadi Badimalika Tourism Road, Badimalika Municipality–8, Bajura र (BMO/BAJURA/WORK/NCB//06/080–81) Martadi Budhakordha Road construction Badimalika Municipality–6 & 8, Bajura को सार्वजनिक खरिद तथा अनुगमन कार्यालय (PPMO) को वेबसाइट www.bolpatra.gov.np/egp. मा प्रकाशित भइसकेकोले विस्तृत विवरण सोहि वेबसाइटमा हेरी तोकिएको समयभित्र बोलपत्र पेस गर्नुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**बम बहादुर केसी**
**प्रमुख प्रशासकिय अधिकृत**

## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### जडिबुटी, कवाडीजन्य मालसामान तथा जीवजन्तु आदिको व्यावसायिक उपयोग शुल्क उठाउने सम्बन्धी सिलबन्दी तथा विद्युतीय बोलपत्र आव्हानको सूचना

**ठेक्का नं: NCB/BM/Revenue/80–81/01**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/११/२०**

नेपालको संविधानको अनुसुची ८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकारको प्रयोग गरी मिति २०८२ असार मसान्तसम्मका लागि वीरेन्द्रनगर नगरपालिका क्षेत्रभित्र जडिबुटी, कवाडीजन्य मालसामानको व्यावसायिक उपयोग शुल्क (ऊन, खोटो, जडिबुटी, बनकस, खर, कवाडी माल, प्रचलित कानुनले निषेध गरेको जिवजन्तु बाहेकका अन्य मृत जिवजन्तुको हाड, सिंग, प्वाख, खुर, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरेबापत शुल्क) उठाउनका लागि नगरसभाबाट पारित दररेटमा शुल्क उठाउने कार्य ठेक्का सम्झौता मार्फत लिन ईच्छुक संस्था/फर्म/कम्पनीले निर्धारित समयभित्र विद्युतीय तथा सिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ । यो सूचना सम्बन्धी विवरण कार्यालयको सूचना पाटी तथा यस नगरपालिकाको वेभसाइट www.birendranagarmun.gov.np मा हेर्न सकिने छ ।

१. बोलपत्र लिन ईच्छुक संस्था/फर्म/कम्पनीले फर्म दर्ता/नवीकरणको प्रतिलिपी, स्थायी लेखा नम्बर (प्यान), मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७९/०८० सम्मको कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यस वीरेन्द्रनगर नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय सुर्खेतमा रहेको आन्तरिक राजश्व खाता नं. ४०८०१००३०१०१०००४ (IPS गर्नुपरेमा Account Name – BIRENDRANAGAR NA.PA. (GA–1–1)–AANTAR Account Number – 4080100301010004) मा रु ३०००। (तीन हजार) पछि फिर्ता नहुने गरी जम्मा गरेको सक्कलै भौचर राखी यस कार्यालयबाट खरिद गर्नुपर्नेछ ।
२. सिलबन्दी तथा विद्युतीय बोलपत्रमा निर्धारित न्युनतम अंक नघट्ने गरी कबोल गरेको रकमको अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ ।अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
३. सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको कबोल अंक स्वीकार गरिनेछ । स्वीकृत बोलपत्रदाताले सम्झौता हुनुपूर्व कबोल गरेको अंकको ५० प्रतिशत रकम (मू.अ कर बाहेक) यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय सुर्खेतमा रहेको आन्तरिक राजश्व खाता नं. ४०८०१००३०१०१०००४ मा अग्रीम दाखिला गरेको भौचर, कबोल गरेको अंकको हुन आउने सम्पूर्ण मू.अ कर दाखिला गरेको प्रमाण र अग्रिम आयकर बुझाएको प्रमाण सहित पेश गर्नुपर्नेछ । बाँकी ५० प्रतिशत रकमको (मू.अ कर बाहेक) नेपाल सरकारबाट इजाजत प्राप्त 'क' वर्गको वाणिज्य बैंकको मिति २०८२ श्रावण मसान्तसम्मको मान्य अवधि भएको बैंक जमानत पेश गरेपछि मात्र सम्झौता गरी कार्यादेश जारी गरिनेछ ।
४. विद्युतीय तथा सिलबन्दी बोलपत्रको साथ आफुले कबोल गरेको अङ्कको कम्तीमा ५ प्रतिशतले (मू.अ कर बाहेकको कबोल गरेको रकमको) हुन आउने धरौटी रकम यस वीरेन्द्रनगर नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय सुर्खेतमा रहेको धरौटी खाता नं. ४०८०१००३०३००००४ (IPS गर्नुपरेमा Account Name – BIRENDRANAGAR NA.PA.(GA–3)–DHARAUTI Account Number– 4080100303000004) मा जम्मा गरेको सक्कलै भौचर वा यस नगरपालिकाको नाममा कुनै वाणिज्य बैंकबाट जारी सक्कल बिडबण्ड (मान्य अवधि, ठेक्का खोल्ने अन्तिम मिति बाट कम्तिमा १२० दिन) पेश गर्नुपर्नेछ ।
५. बोलपत्र दाखिला गर्ने अन्तिम मिति सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (२०८०/१२/२०) दिनको १२:०० बजेसम्म हुनेछ ।
६. बोलपत्र दाखिला हुने अन्तिम दिन (२०८०/१२/२०) दिनको २:०० बजे यस नगरपालिकाको कार्यालयमा बोलपत्र खोलिने छ ।
७. बोलपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ ।
८. सिलबन्दी बोलपत्र रहेको खाम बाहिर तथा विद्युतीय बोलपत्रमा आफ्नो फर्मको नाम, ठेगाना, आय ठेक्का नं. उल्लेख गरी दस्तखत गर्नुपर्नेछ ।
९. ठेक्का सकार गर्ने पक्षले नगर सभाबाट पारित आर्थिक ऐन, २०८० को अनुसूची ३ मा उल्लेखित दररेटभित्र रही शुल्क उठाउनुपर्नेछ ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
११. म्याद नाघी, रित नपुगी वा कुनै शर्त उल्लेख गरिएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
१२. आ.व. २०८१/०८२ को असार मसान्तसम्मका लागि ठेक्का सम्झौता हुने भएकोले सम्झौता बमोजिम कबोल अंकको दामासाहीले रकम (भ्याट समेत) बुझाउनुपर्नेछ ।
१३. यस सूचनामा कुनै कुरा उल्लेख गर्न छुट भएमा प्रचलित कानून तथा यस नगरपालिकाको ऐन, नियम, कार्यविधि बमोजिम हुनेछ ।

**तपसिल**

| सि.नं. | आयठेक्का नं. | कामको विवरण | न्यूनतम अङ्क रु. (मू.अ कर बाहेक) | अवधि |
|---|---|---|---|---|
| १ | NCB/BM/ Revenue/80-81/01 | जडिबुटी, कवाडीजन्य मालसामान तथा जिवजन्तुको अवशेषांगको व्यावसायिक उपयोग शुल्क उठाउने कार्य | वार्षिक ४५,००,०००। (पैंतालिस लाख मात्र ।) | आ. व. २०८१/०८२ को असार मसान्तसम्म । |

**प्रमुख प्रशासकीय अधिकृत**

## कुवेतमा वैदेशिक रोजगारको अवसर
कम्पनी : ABEER ALWARD LADIES BEAUTY SALON COMPANY शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/११/१८ चलानी नं.: ६०२१५८०९ L.T. No.: 299729

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nail Art/hairdresser/manicurist /pedicurist/salon W | 0 | 15 | स. काममा दक्ष | 150 | ६४,५३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २७ गते (10 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्ना विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

RHYTHM OVERSEAS PVT. LTD.
Govt. Lic. No. 865/066/067
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825
9804766695, 9766461836, Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com

## UAE मा रोजगार
कम्पनी: CONDOR BUILDING CONTRACTING CO. L.L.C. शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०८०/०७/२० चलानी नं.: ६०२०९८६१ LT. No.:294757 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BUILDING LABOURER | 100 | 0 | स. काममा दक्ष | 800 | २८,८२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता सुनसरी मल्टिपल सेन्टर, इटहरी, सुनसरीमा २०८० फागुन २७ गते (10 March 2024) मा हुनेछ ।
अन्तर्वार्ता झापा टेक्निकल इन्स्टिच्युट, विर्तामोड, झापामा २०८० फागुन २८ गते (11 March 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २९ गते (12 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

साथै यसै कम्पनीको लागी Production Planner, Store Keeper, Material Controller, Machine Operators, Gouger, 3G FCAW Welders, Fitters/Fabricators को पनि माग भएकोले जान इच्छुकले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (सगुन होम)
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिकास्थान-३२, फोन : ०१ ४५१७५३० । ४५१८५३२, ९८५११११३२२६
E-mail: sagunosp@wlink.com.np |sagun@mail.com.np

## मलेसियामा रोजगार
कम्पनी: MORRIS FOOD INDUSTRIES SDN.BHD शहर: KEDAH
पुर्व स्वीकृत मितिः २०८०/०४/२९ चलानी नं.: ६०२०६२०७ LT. No.: . 290882 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 5 | 0 | स. काममा दक्ष | 1500 | ४१,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन २७ गते (10 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्ना विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Manaslu International Services Pvt. Ltd.
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081 , Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com

## KUWAIT मा वैदेशिक रोजगारको अवसर
कम्पनी: ADAM'S CAR POLISHING AND PROTECTION CO. शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/११/१८ चलानी नं.: ६०२१५८३३ L.T. No.: 300917

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/Helper/labouer | 5 | 0 | स. काममा दक्ष | 120 | ५१,५९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २७ गते (10 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Mashareq International Overseas (P) Ltd.
Govt. Lic No. 415/060/61
सिनामंगल-९, काठमाडौ, नेपाल, फोनः ०१- ४४९९७६३, ४४७८३३५

## साउदीमा रोजगार
कम्पनी: MARKETING COADING FOUNDATION FOR BUSINESS SERVICE. शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०८०/११/१६ चलानी नं.: ६०२१५७४५ L.T. No.:300780

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० फागुन २५ गते (8 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

PERFECT DESTINATION PVT. LTD.
Govt. License No: 941/067/068
Kupondole -10, Lalitpur, Nepal Tel 01-5269014,01-5268998 | Fax 01-5261021
Email: perfect.destination2011@gmail.com, info@perfectdestination.com.np

## कतारमा रोजगार
कम्पनी : CROWN POWER LINK CONTRACTING & CLENING W.L.L शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८०/०९/०६ चलानी नं.: ६०२११९०२ LT. No.: 296865 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Administrative Supervisor | 0 | 3 | सम्बन्धित काममा दक्ष | 3000 | १०८९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1700 | ६१७१० | | | | | | | |
| 3. | Executive Secretary | 0 | 1 | | 2500 | ९०७५० | | | | | | | |
| 4. | General Clean Worker | 0 | 23 | | 1000 | ३६३०० | | | | | | | |
| 5. | General Supervisior | 0 | 1 | | 2500 | ९०७५० | | | | | | | |
| 6. | Reception | 0 | 1 | | 2100 | ७६२३० | | | | | | | |
| 7. | Safety Supervisor | 1 | 0 | | 3000 | १०८९०० | | | | | | | |
| 8. | Sales Specialist | 0 | 2 | | 2500 | ९०७५० | | | | | | | |
| 9. | Sales Supervisior | 2 | 0 | | 3000 | १०८९०० | | | | | | | |
| 10. | Supervisior | 2 | 2 | | 3000 | १०८९०० | | | | | | | |

अन्तर्वार्ता शाखा कार्यालय विर्तामोड झापामा मिति २०८० फागुन २३ र २४ गते (6 & 7 March 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन २३ र २४ गते (6 & 7 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

ब्लुमुन ओभरसिज नेपाल प्रा. लि.
श्रम इजाजत पत्र नं. ३१२/०५९/०६०
चाबहिल- ७, काठमाडौं, फोनः ४४८८१३६, Email- bluemoonoverseas312@gmail.com

## मलेसियामा रोजगारको अवसर
कम्पनी : MITASU JAPANESE RESTAURANT SDN BHD शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मितिः २०७९/११/२३ चलानी नं.: ६०१९७७३८ L.T. No.:282215 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Resturant Worker | 3 | 0 | स. काममा दक्ष | 1500 | ४१,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० फागुन २७ गते (10 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Fair Connect Resource Pvt. Ltd.
श्रम इजाजत नं.: १२७९/०७४/०७५
Dhumbarahi–04 , Kathmandu Nepal, Tel :- 00977-1-5905737
Email :- agencyfcr@gmail.com

# बक्स अफिस समाचार

## निशु भइन् मिसेस नेपाल आइडल



**काठमाडौं/मस-** यसपटकको मिसेस नेपाल आइडलको ताज सप्तरीकी निशु काफ्लेले पहिरिन सफल भएकी छिन् । ताजसँगै उनले इजिप्टमा हुन गइरहेको नेपाल फेसन एण्ड इन्टरटेनमेन्ट अवार्डमा इन्ट्रि प्याकेजसमेत पाप्त गरेकी छन् ।

हिमालयन मुभिजद्वारा शुक्रबार अपराह्न राजधानीको म्युजिक सिटी स्टुडियोमा सम्पन्न सो कार्यक्रम नेपाली विवाहित महिलाहरूको राष्ट्रियस्तरको सौन्दर्य प्रतियोगिताको आठौं संस्करण हो । जसमा राजेश्वरी योगल अमात्य फस्ट रनरअप र रूपा खबास सेकेन्ड रनरअप हुन सफल भए ।

चर्चित फेसन कोरियोग्राफर हिमानी सुब्बाको कोरियोग्राफीमा करिब एक दर्जन प्रतियोगीहरुले तीन सातासम्म व्यक्तित्व विकास, बोलीचाली अभ्यास, स्टेजको प्रस्तुति, क्याटवाक, फोटोसुट, भिडीयोसुटलगायत विविध विषयहरूमा तालिम लिएका थिए । कार्यक्रममा सुब्बाकै कोरियोग्राफीमा प्रतियोगीहरूले आकर्षक नृत्यसमेत प्रस्तुत गर्दै परिचयात्मक, सांस्कृतिक पोसाक चरण, प्रश्नोत्तर चरणलगायतका विविध चरणाहरूमा आफूलाई योग्य उतार्ने प्रयास गरेका थिए ।

कार्यक्रममा विविध सबटाइटल अर्वाडहरू समेत वितरण गरिएको थियो । जसमा मोस्ट करिज्म्याटिक निशु काफ्ले, बेस्ट फोटोजेनिक राजेश्वरी योगल अमात्य, मोस्ट कन्फिडेन्ट रूपा खवास, मोस्ट डाइनामिक रेनु श्रेष्ठ, मोस्ट स्मार्ट सृजना श्रेष्ठ, मोस्ट डिलीजेन्ट सरला भट्टराई कुँवर, बेस्ट पर्सनालिटी लक्ष्मी बोहरा चौहान, मोस्ट डिलाइटफुल उर्वशी श्रेष्ठ, बेस्ट कम्प्लेक्सन भिमादेवी बराल, मोस्ट सिन्सियर सर्मीला परियार, मोस्ट चार्मिङ सिता चन्द, मोस्ट पपुलर सृजना श्रेष्ठ र पब्लिक च्याइस भिडियो अवार्ड लक्ष्मी बोहरा चौहानले प्राप्त गर्न सफल भएका थिए ।

कार्यक्रमको निर्णायक मण्डलमा अभिनेता सिद्धार्थ सिंह, मोडल तथा अभिनेत्री शुष्मा अधिकारी, मिस्टर ह्याण्डसम नेपाल-२०१९ तथा मोडल अभिसेक खड्का, मिसेस क्यापिटल क्विन नेपाल-२०२३ लक्ष्मी भुषाल र मिसेस नोबेल नेपाल २०२४ सिरुसा सापकोटा रहेका थिए भने कार्यक्रमको सञ्चालन रोजिन शाक्यले गरेका थिए । विवाहित महिलाहरूमा भएको क्षमता प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको आयोजक पक्षले जानकारी गराएको छ ।

**कतारमा रोजगार**
कम्पनी: JAIDAH MOTORS & TRADING COMPANY WLL
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०८०/११/१८ चलानी नं.: ६०२१५७३४ LT. No.: 300902

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Business Executive | 1 | 0 | स. काममा दक्ष | 4000 | १४५२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २७ गते (10 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्ने विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

LUCKY OVERSEAS
लक्की ओभरसिज प्रा. लि.
धोबिघाट-३, रिङ्गरोड, ललितपुर, नेपाल, फोन: ०१-५१५३०५५, ०१-५१५३०३३
E-mail: luckyoverseas1998@gmail.com, overseaslucky@gmail.com
Web.: luckyoverseas.com
श्रम इजाजत नं. १३८/०५५/०५६

**UAE मा रोजगारको अवसर**

UAE को निम्न शहरस्थित निम्न कम्पनीबाट नेपाली कामदारहरुको माग भई आएकोले इच्छुक व्यक्तिहरुले आफ्नो सक्कल राहदानीसहित सम्पर्क राख्नुहोला ।
1. Company: CONCORD STARS CONTRACTING LLC, UAE, Dubai
पूर्व स्वीकृती मिति: २०८०/११/१८ LT. No.: 300911 चलानी नं.:६०२१५८२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dozer Operator | 04 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ७९,५४० | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | Excavator Operator | 03 | 0 | | 2200 | ७९,५४० | | ८ घण्टा | ६ दिन | | | | |
| 3 | Shovel Operator | 03 | 0 | | 2200 | ७९,५४० | | ८ घण्टा | ६ दिन | | | | |
| 4 | Trailer Driver | 03 | 0 | | 1800 | ६५,०७८ | | ८ घण्टा | | | | | |
| 5 | Bus Driver | 02 | 0 | | 1800 | ६५,०७८ | | ८ घण्टा | | | | | |
| 6 | Machinery Mechanic | 02 | 0 | | 2500 | ९०,३८६ | | ८ घण्टा | | | | | |
| 7 | Machinery Electrician | 02 | 0 | | 2500 | ९०,३८६ | | ८ घण्टा | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | नि:शुल्क |

नोट: यसै कम्पनीको लागि RMC DRIVER (READY MIX CONCRETE DRIVER) को पनि माग आउने हुदा निशुल्क परामर्सको लागि तुरुन्त सम्पर्क गर्नुहोला ।

फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधीबाट निम्न स्थान र मितिमा हुनेछ ।
Need Office मेनपावरको कार्यालय धापासीमा २०८० चैत्र ४ र ५ गते (17 & 18 March, 2024) का दिन हुनेछ ।

